# प्रदेश राजपत्र

प्रदेश नं. २, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४)जनकपुरधाम, भाद्र ३ गते, २०७७ साल (अतिरिक्ताङ्क २(ख)

## भाग १

### प्रदेश सरकार

### आन्तरिक मामिला तथा कानून मन्त्रालय

### प्रदेश संचारका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सम्वत् २०७७ सालको ऐन नं.०७

प्रस्तावना: नेपालको संविधानले प्रत्यभूत गरेको विचार तथा अभिव्यक्ति स्वतन्त्रता एवं संचार र सुचनाको हक सुनिश्चित गरी आमसंचार क्षेत्रलाई स्वच्छ, स्वतन्त्र, पारदर्शी, मर्यादित र व्यवसायिक बनाई लोकतन्त्रको सुदृढीकरण गर्न प्रदेश आमसंचार माध्यमको स्थापना र संचालनका लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश नं.२ को प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश संचार सम्बन्धी ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा;-

(क) "अध्यक्ष" भन्नाले प्राधिकरणको अध्यक्ष सम्झनु पर्छ।

(ख) "अन्यपत्रपत्रिका" भन्नाले समाचारपत्र र समाचार वा संचार बाहेक समाचारजन्य लेख, टिप्पणी, सम्पादकीय टिप्पणी, अन्तर्वार्ता, फोटो, कार्टुन, व्यङ्ग्यचित्र कला, साहित्य, विज्ञान, पर्यटन, चलचित्र लगायतका विभिन्न विधालाई समेटी प्रकाशन हुने पत्रपत्रिका सम्झनु पर्छ ।

(ग) "अनलाइन संचार माध्यम" भन्नाले प्रचलित कानून बमोजिम स्थापना वा दर्ता भई इन्टरनेटको माध्यमबाट संकेत, चिन्ह, आवज, ग्राफिक्स, गीत, संगीत, भिडियो, एनिमेशन तथा विभिन्न बहुमाध्यम (मल्टिमिडिया) को प्रयोग मार्फत सन्देश मूलक वा विषयगत विचार, सूचना तथा समाचार, तस्वीर, श्रव्यदृश्यको रुपमा उत्पादन, प्रकाशन, प्रसारण वा वितरण गर्ने विधि, प्रक्रिया र माध्यम सम्झनु पर्छ।

(घ) "आमसंचार माध्यम" भन्नाले सूचना तथा सन्देश संप्रेषण गर्ने उद्देश्यले स्थापना भई प्रकाशन तथा

प्रसारण हुने सरकारी, सामुदायिक र निजी क्षेत्रबाट सञ्चालित विद्युतीय तथा मुद्रणका संचार माध्यमलाई सम्झनु पर्छ । सो शब्दले आमसंचार माध्यम सञ्चालन गर्ने संस्थालाई समेत जनाउँछ।

(ङ) "काउन्सिल" भन्नाले दफा २६ बमोजिम स्थापना भएको मिडिया काउन्सिललाई सम्झनु पर्दछ ।

(च) "कर्मचारी" भन्नाले संचार प्राधिकरणमा व्यवस्थापकीय तथा प्रशासकीय कार्यको अन्तिम निर्णय गर्न अधिकार प्राप्त व्यक्तिबाहेक त्यस्तो प्राधिकरणको प्रशासनिक, व्यवस्थापकीय, प्राविधिक वा अन्य कार्यमा संलग्न व्यक्ति सम्झनु पर्छ।यो शब्दले मिडिया काउन्सिलको कर्मचारीलाई समेत जनाउँदछ ।

(छ) "कार्यक्रम" भन्नाले श्रव्य वा श्रव्यदृश्यको माध्यमद्वारा प्रसारण हुने जुनसुकै किसिमको कार्यक्रम सम्झनुपर्छ ।

(ज) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम भन्ने सम्झनु पर्छ ।

(झ) "पत्रपत्रिका" भन्नाले विद्युतीय वा छापा माध्यमद्वारा प्रकाशित हुने समाचारपत्र, समाचार पत्रिका र अन्य पत्रपत्रिका सम्झनु पर्छ ।

(ञ) "पत्रकार" भन्नाले संचार प्राधिकरणमा व्यवस्थापकीय तथा प्रशासकीय अधिकार प्राप्त गरेको व्यक्ति बाहेक संचार सम्बन्धी व्यवसाय वा सेवालाई प्रमुख व्यवसाय अपनाई पारिश्रमिक लिई

संचार प्राधिकरणमा पूर्ण वा आंशिक समय काम गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले संचार प्राधिकरणमा समाचार समाग्री सङ्कलन, उत्पादन, सम्पादन वा सम्प्रेषण गर्ने प्रधान सम्पादक, सम्पादक, संवाददाता, स्ट्रिञ्जर, समाचार वाचक, कार्यक्रम निर्देशक, अनुवादक, वेभ डिजाइनर, प्राविधिक, स्तम्भ लेखक, फोटो पत्रकार, प्रेस क्यामेरामेन, व्यङ्ग्य चित्रकार, कार्यक्रम निर्माता वा सञ्चालक, दृश्य वा भाषा सम्पादक जस्ता समाचारमुलक पेशासँग सम्बन्धित व्यक्ति समेतलाई जनाउँछ ।

(ट) "प्राधिकरण" भन्नाले दफा ४ बमोजिम स्थापना भएको आमसंचार प्राधिकरण सम्झनु पर्छ ।

(ठ) "प्रसारण" भन्नाले इन्क्रीप्ट गरिएको वा नगरिएको, सर्वसाधारण वा निश्चित क्षेत्र वा वर्गका नागरिकले जानकारी पाउन सक्ने गरी पठाईने श्रव्य वा दृश्य, श्रव्यदृश्य, कार्यक्रम डाटा वा सूचनालाई रेडियो फ्रीक्वेन्सी, इन्टरनेट प्रोटोकल वा अन्य विद्युतीय वा विद्युत प्रकाशन (अप्टिकल माध्यमबाट) गरिने प्रसारण सम्झनु पर्छ।

(ड) "प्रसारक" भन्नाले प्रसारण संस्थाबाट प्रसारण हुने कार्यक्रम वाचन गर्ने व्यक्ति वा प्रस्तोता सम्झनु पर्छ र सो शब्दले त्यस्तो कार्यक्रम तयार गर्ने तथा सम्पादन गर्ने व्यक्तिलाई समेत जनाउँछ ।

(ढ) "प्रसारण संस्था" भन्नाले यस ऐन बमोजिम कार्यक्रम प्रसारण गर्न इजाजतपत्र प्राप्त व्यक्ति वा संगठित संस्था सम्झनु पर्छ ।

(ण) "प्रतिनिधि" भन्नाले दफा ५१ बमोजिम प्रेस प्रतिनिधिको प्रमाणपत्र लिएको व्यक्ति सम्झनु पर्छ।

(त) "मन्त्री" भन्नाले सम्बन्धित मन्त्रालय हेर्ने मन्त्रीलाई सम्झनु पर्छ ।

(थ) "मन्त्रालय" भन्नाले सूचना तथा संचार हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(द) "समाचारपत्र" भन्नाले सार्वजनिक महत्वका समसामयिक विषयका क्षेत्रमा टिप्पणी भएको वा नभएको लिखत, समाचार तथा विचारहरु समेत भएको सावर्वजनिक रुपमा विक्री वा वितरण हुने पत्रपत्रिका सम्झनु पर्छ ।

(ध) 'सरकार' भन्नाले प्रदेश नं. २ को सरकार (मन्त्रिपरिषद्) लाई जनाँउछ ।

(न) "सम्पादक" भन्नाले आमसंचार सञ्चालन संस्थाको समाचार वा समाचारमूलक कार्यक्रमको उत्पादन तथा प्रकाशन वा प्रसारण अधिकार र उत्तरदायित्व बहन गर्ने सम्पादक, प्रधान सम्पादक वा समाचार प्रमुख सम्झनु पर्छ।

## परिच्छेद-२
## संचारको हक

३. संचारको हक:(१) विद्युतीय प्रकाशन, प्रसारण, छापा, अनलाईन तथा सामाजिक सञ्जाललगायतका जुनसुकै माध्यमबाट कुनै

समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामाग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाइने छैन ।

तर, नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा संघीय एकाइबीचको सुसम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायबीचको सुसम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न उत्प्रेरित गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछूत एवं लैंगिक भेदभावलाई निरुत्साहित गर्न मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।

(२) कुनै श्रव्य, श्रव्यदृश्य वा विद्युतीय उपकरणको माध्यम वा छापाखाना वा सामाजिक सञ्जालबाट कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री मुद्रण वा प्रकाशन, प्रसारण गरे वा छापेबापत त्यस्तो सामग्री प्रकाशन, प्रसारण गर्ने वा छाप्ने रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापा वा अन्य संचारमाध्यमलाई बन्द, जफत वा दर्ता खारेज वा त्यस्तो सामग्री जफत गरिने छैन ।

तर यस उपधारामा लेखिएको कुनै कुराले रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापाखाना वा अन्य संचार माध्यमको नियमन गर्ने कानून ऐन बनाउन बन्देज लगाएको मानिने छैन।

(३) कानुनबमोजिम बाहेक कुनै छापा, विद्युतीय प्रसारण, अनलाइन संचारमाध्यम तथा टेलिफोनलगायतका संचारसाधनलाई अवरुद्ध गरिने छैन ।

## परिच्छेद-३

## आमसंचार माध्यम प्राधिकरणको स्थापना, गठन, काम कर्तव्य र अधिकार सम्बन्धी व्यवस्थाः

४. **आमसंचारमाध्यम प्राधिकरणको स्थापनाः** आमसंचार माध्यमको इजाजत, अभिलेखीकरण, अनुगमन तथा नियमन गर्न प्रदेश सरकारले प्राधिकरण स्थापना गर्नेछ ।

५. **प्राधिकरण स्वशासित र संगठित संस्था हुनेः** (१) प्राधिकरण एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ।

(२) प्राधिकरणको आफ्नो एउटा छुटै छाप हुनेछ ।

(३) प्राधिकरणले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ।

तर अचल सम्पत्तिको हक हस्तान्तरण गर्दा अनिवार्य रुपमा मन्त्रालयको सहमति लिनु पर्नेछ ।

(४) प्राधिकरणले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र प्राधिकरण उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

६. **प्राधिकरणको गठनः** (१) प्राधिकरणमा सरकार (मन्त्रिपरिषद्) बाट नियुक्त गरेका एक जना अध्यक्ष र मन्त्रालयको (मन्त्री स्तरिय) निर्णयबाट नियुक्त दुई जना सदस्य रहनेछन्।

(२) उपदफा (१) बमोजिम अध्यक्ष र सदस्य नियुक्ति गर्दा पत्रकारिता वा आमसंचार, सूचना प्रविधि वा फ्रिक्वेन्सी व्यवस्थापन क्षेत्रबाट प्रतिनिधित्व हुने गरी समानुपातिक समावेशी सिद्धान्तको आधारमा गर्नुपर्नेछ ।

(३) प्राधिकरणका अध्यक्ष तथा सदस्यको पदावधि नियुक्ति भएको मितिले चार वर्षको हुनेछ ।

(४) प्राधिकरणको प्रशासकीय प्रमुखले प्राधिकरणको सचिव भई काम गर्नेछ ।

७. <u>योग्यताः</u> प्राधिकरणका अध्यक्ष र सदस्यको पदमा नियुक्ति हुन देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछः-

(क) नेपाली नागरिक,

(ख) पैतिस वर्ष उमेर पुरा भई साठी वर्ष ननाघेको,

(ग) मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा स्नातक तह उतिर्ण गरेको र पत्रकारिता क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव हासिल गरेको वा पत्रकारिता क्षेत्रमा कम्तिमा २० वर्ष अनुभव प्राप्त गरेको,

(घ) नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय नपाएको,

(ङ) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(च) उच्च नैतिक चरित्र भएको ।

८. <u>अध्यक्ष तथा सदस्यको पद रिक्त हुने व्यवस्थाः</u> देहायको अवस्थामा अध्यक्ष तथा सदस्यको पद रिक्तभएको मानिनेछः

(क) मन्त्री मार्फत सरकार समक्ष लिखित राजिनामा दिएमा,

(ख) दफा ६ बमोजिम निजको पदावधि पूरा भएमा,

(ग) नैतिकपतन देखिने फौजदारी कसूरमा अदालतबाट कसूरदार ठहरिएमा,

(घ) निजको उमेर साठी वर्ष पुरा भएमा वा

(ङ) निजको मृत्यु भएमा ।

९. **<u>कार्यवाहक अध्यक्ष तोक्न सक्ने:</u>** प्राधिकरणको अध्यक्षको पद कुनै कारणले रिक्त भएको अवस्थामा मन्त्रालयले कुनै सदस्यलाई बढीमा अर्को व्यवस्था नभएसम्मको लागि कार्यवाहक अध्यक्षको कामकाज गर्न तोक्न सक्नेछ।

१०. **<u>पारिश्रमिक र सुविधा:</u>** अध्यक्ष र सदस्यहरुको पारिश्रमिक, सुविधा र सेवाका शर्तहरु तोकिए बमोजिम हुनेछ।

११. **<u>प्राधिकरणको बैठक र निर्णय:</u>** प्राधिकरणको बैठक र निर्णय सम्बन्धी कार्यविधि देहाय बमोजिम हुनेछ:

(क) प्राधिकरणको बैठक महिनामा कम्तिमा एकपटक बस्नेछ।

(ख) प्राधिकरणको बैठक अध्यक्षले तोकेको स्थान, मिति र समयमा बस्नेछ।

(ग) प्राधिकरणको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले आफूहरुमध्येबाट जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(घ) प्राधिकरणको बैठकमा अध्यक्ष र एक जना सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ।

(ङ) प्राधिकरणको बैठकमा बहुमतको राय प्राधिकरणको निर्णय मानिनेछ तर मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मत दिनेछ।

(च) प्राधिकरणको बैठकको निर्णय अध्यक्षद्धारा प्रमाणित गरिनेछ र त्यस्तो निर्णय प्राधिकरणको प्रशासकीय प्रमुखले सबै सदस्यहरुलाई उपलब्ध गराउनेछ।

(छ) प्राधिकरणको बैठक सम्वन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

१२. <u>प्राधिकरणको काम, कर्तव्य र अधिकार देहाय बमोजि महुनेछः</u>

(क) प्राधिकरणको वार्षिक नीति, बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

(ख) प्रदेशस्तरका छापा पत्रपत्रिका र अनलाईन संचार माध्यमको दर्ता, अभिलेखिकरण र नियमन गर्ने,

(ग) पत्रपत्रिका, अनलाइन संचार माध्यम, रेडियो, एफ.एम.रेडियो, टेलिभिजन, केबुलटेलिभिजन र केबुल वितरकको अभिलेख राख्ने,

(घ) रेडियो र टेलिभिजनका लागि फ्रिक्वेन्सी योजना निर्माण गर्ने, प्रसारण केन्द्रहरुको म्यापिङ गरी सघं, प्रदेश र स्थानीय तहमा वितरणका लागि मन्त्रालय समक्ष सिफारीस गर्ने,

(ङ) आमसंचार प्रविधिको प्रयोग र विकास प्रवर्द्धनका लागि आवश्यक कार्य गर्ने,

(च) आमसंचारका माध्यमहरुलाई दिइने सुविधाका सम्वन्धमा मन्त्रालय मार्फत प्रदेश सरकारलाई सिफारिश गर्ने,

(छ) आमसंचार माध्यमले यस ऐन बमोजिम प्रदेश सरकारले तोकेको कार्य तथा दिएको निर्देशन लगायतका अन्य कुराहरु कार्यान्वयन गरे नगरेको निरीक्षण अनुगमन गरी नगरेको पाईएमा गर्न लगाउने,

(ज) आमसंचार माध्यमहरुका बीचमा देखिएका विवादहरु तथा दफा ५४ बमोजिमका उजुरीहरु कारवाही गर्ने,

(झ) पत्रकारिता पेशालाई व्यवसायिक, मर्यादित बनाउन आवश्यक नीति, योजना तथा कार्यक्रम बनाई कार्यन्वयन गर्ने,

(ञ) पत्रकारहरुलाई यस पेशा प्रति उत्प्रेरित गर्न नवप्रर्वतन तथा प्रशिक्षण लगायतका कार्यक्रमहरु सञ्चालन गर्ने ।

(ट) विदेशी आमसंचार संस्थाका प्रेस प्रतिनिधिको नियमन गर्ने,

(ठ) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

१३. <u>**अध्यक्षको काम, कर्तव्य र अधिकारः**</u> (१) अध्यक्ष प्राधिकरणको कार्यकारी प्रमुख हुनेछ।

(२) यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त अध्यक्षको काम, कर्तव्य अधिकार देहाय बमोजिम हुनेछः

(क) प्राधिकरणको वैठकका लागी वैठकको कार्यसूची तयार गर्ने, गराउने,

(ख) प्राधिकरणको बैठकको निर्णयहरु कार्यान्वयन गर्ने, गराउने,

(ग) प्राधिकरणको नीति कार्यक्रमहरु तयार गर्ने, गराउने,

(घ) प्राधिकरणको बार्षिक वजेट तथा कार्यक्रम पेश गर्ने,

(ङ) प्राधिकरणले अधिकार प्रत्यायोजन गरेका अन्य कार्यहरु गर्ने ।

१४. <u>कार्यालयः</u> प्राधिकरणको कार्यालय प्रदेशको राजधानीमा रहनेछ।

१५. <u>प्राधिकरणको कोषः</u> (१) प्राधिकरणको एउटा छुट्टै कोष रहनेछ।

(२) उपदफा (१) वमोजिमको प्राधिकरणको कोषमा देहाय बमोजिमको रकम हुनेछः

(क) प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) अन्य विभिन्न स्रोतबाट प्राप्त रकम।

(३) प्राधिकरणको लेखा र अन्तिम लेखा परीक्षण प्रचलित कानून बमोजिम हुनेछ।

(४) प्राधिकरणको कोष संचालन सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१६. <u>प्राधिकरणको प्रशासकीय प्रमुखः</u> (१) सरकारले प्राधिकरणको प्रशासकीय प्रमुखमा निजामती सेवाको कम्तीमा राजपत्रांकित द्वितीय श्रेणीको अधिकृत खटाउने छ।

(२) उपदफा (१) अनुसार सरकारले प्रशासकीय प्रमुख नखटाएको अवस्थामा प्राधिकरणले आफ्ना कर्मचारीहरुमध्येबाट वरिष्ठ कर्मचारीलाई निमित्त प्रशासकीय प्रमुखको काम काज गर्न तोक्न सक्नेछ।

(३) प्रशासकीय प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्राधिकरणको दैनिक प्रशासनिक कार्य गर्ने,

(ख) अध्यक्षको निर्देशन बमोजिम प्राधिकरणको वैठकका लागी वैठकको कार्यसूची तयार गर्ने,

(ग) प्राधिकरणको बैठकको निर्णयहरु कार्यान्वयन गर्ने,

(घ) प्राधिकरणको कर्मचारी प्रशासनको कार्य गर्ने,

(ङ) प्राधिकरणको बजेट खर्च गर्ने, खर्चको लेखा राख्ने र लेखा परिक्षण गर्ने, गराउने,

(च) तोकिए बमोजिमको अन्य कार्य गर्ने।

१७. <u>कर्मचारीः</u> (१) प्राधिकरणको लागि आवश्यक पर्ने अन्य कर्मचारी प्राधिकरण आफैंले व्यवस्था गर्न सक्नेछ तर कर्मचारी नियुक्ति गर्नु पूर्व आर्थिक मामिला तथा योजना मन्त्रालयको स्विकृती लिनुपर्नेछ।

(२) प्राधिकरणलाई आवश्यक पर्ने विज्ञ तोकिए बमोजिमको प्रक्रिया अपनाई लिन सकिनेछ। विज्ञको सेवाको शर्त र सुविधा तोकिए बमोजिम हुनेछ।

(३) प्राधिकरणका कर्मचारीको सेवा, सुविधा तथा सेवाका शर्त सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१८. <u>वार्षिक प्रतिवेदनः</u> (१) प्राधिकरणले प्रत्येक वर्ष आफूले गरेको कार्यको वार्षिक प्रतिवेदन सरकार समक्ष पेश गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रतिवेदन सरकार बुझाई सकेपछि सर्वसाधारणको जानकारीको लागि सार्वजनिक रुपमा प्राधिकरणले प्रकाशन गर्नु पर्नेछ।

## परिच्छेद-४

## <u>पत्रपत्रिका तथा अनलाइन संचार माध्यम सम्बन्धी व्यवस्थाः</u>

१९. <u>पत्रपत्रिकाको दर्ता तथा अभिलेखीकरण गराउनु पर्नेः</u> (१) कसैले प्रदेशस्तरको पत्रपत्रिका सार्वजनिक रूपमा बिक्री वितरणको लागि प्रदेश भित्र प्रकाशित गर्न पत्रपत्रिकाको नाम, किसिम,

भाषा, आकार, पृष्ठ संख्या, छापिने संख्या र प्रकाशन हुने स्थान र सम्पादक र प्रकाशकको नाम समेत खुलाई तोकिए बमोजमको ढाँचामा प्राधिकरणमा दर्ता अभिलेखीकरणको लागि दरखास्त दिनु पर्नेछ।

तर सरकारी निकायहरु, सरकारको स्वामित्व भएको संगठित संस्था, विश्वविद्यालय, प्रदेश सरकारको स्वीकृति प्राप्त शिक्षण संस्था, प्रचलित कानून बमोजिम स्थापित संघ संस्था, फर्म, कम्पनी वा कुनै राजनैतिक दल वा संगठनको मुखपत्रलाई यस दफा बमोजिम अभिलेखीकरण गराउन आवश्यक पर्ने छैन।

(२) उपदफा (१) बमोजिम दर्ता तथा अभिलेखिकरणका लागि दरखास्त पर्न आएमा आवश्यक जाँचबुझ गरी तोकिएको शर्त पूरा गरेको देखिएमा प्राधिकरणले दर्ता तथा अभिलेखिकरण गरिदिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम अभिलेखीकरण गरिने पत्रपत्रिकाको नामसंग मिल्ने गरी अर्को कुनै पत्रपत्रिका प्राधिकरणमा अभिलेखीकरण भैसकेको रहेछ भने सोहि नाममा अभिलेखीकरण हुने छैन र सोको जानकारी प्राधिकरणले दरखास्तवालालाई गराउनेछ।

(४) स्थानीय पत्रपत्रिका नियमन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था स्थानीय कानून बमोजिम हुनेछ।

(५) उपदफा (४) बमोजिमको स्थानीयतहको कानून बनाई लागू नभएसम्मको लागि प्राधिकरणले त्यस सम्बन्धी छुट्टै दर्ता वा अभिलेख किताव खडा गरी अभिलेखीकरण गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिम अभिलेखीकरण भएको अभिलेख वा दर्ता किताव मन्त्रालय र स्थानीय तहबाट माग भै आएमा प्राधिकरणले उपलब्ध गराउनु पर्नेछ।

(७) प्रदेश र स्थानीय तहको कानून बमोजिम प्रकाशन भएको पत्रपत्रिका राष्ट्रियस्तरको पत्रपत्रिकाको रुपमा अभिलेखीकरण गरी प्रकाशन गर्नु परेमा उपदफा (२) बमोजिम दर्ता तथा अभिलेखीकरण गरी प्रकाशन गर्नु पर्नेछ।

(८) राष्ट्रियस्तरको पत्रपत्रिकाको नाम, किसिम र भाषा परिवर्तन गर्नुपर्ने भएमा वा कुनै पत्रपत्रिका एकभन्दा बढी भाषामा प्रकाशित गर्नु परेमा वा एक प्रदेशस्तरबाट प्रकाशित भइरहेको पत्रपत्रिका अन्य प्रदेश वा एकभन्दा बढी प्रदेशबाट प्रकाशन गर्नु परेमा वा अन्य विवरण परिवर्तन गर्नुपर्ने भएमा प्राधिकरणमा अभिलेख संशोधन गराउनु पर्नेछ।

(९) पत्रपत्रिका अभिलेखीकरण गराउने सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२०. <u>अनलाइन संचार माध्यमको अभिलेखीकरण:</u> (१) कसैले अनलाइन संचार माध्यम मार्फत अनलाइन पत्रकारिता सञ्चालन गर्न चाहेमा तोकिए बमोजिमको विवरण सहित प्राधिकरणमा दर्ता तथा अभिलेखिकरण गराउनु पर्नेछ।

(२) सरकारी वा निजी छापा वा विद्युतीय संचारले अनलाइन संचारमाध्यम मार्फत अनलाइन पत्रकारिता गर्न चाहेमा उपदफा (१) बमोजिम प्राधिकरणमा दर्ता तथा अभिलेखीकरण गराउनु पर्नेछ।

(३) अनलाइन संचारमाध्यमलाई प्राधिकरणले दर्ता कितावमा जनाइ अभिलेखीकरण गर्नु पर्नेछ।

२१. <u>पत्रकारिताको प्रमाणपत्र दिनुपर्नेः</u> (१) दफा १९ र २० बमोजिम प्राधिकरणमा दर्ता तथा अभिलेखीकरण भएको पत्रकारिताको प्रमाणपत्र प्राधिकरणले दिनेछ ।

(२) संचार माध्यमको दर्ता तथा अभिलेखीकरण गर्ने, प्रमाणपत्र दिने र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२२. <u>वेबसाइटमा विवरण राख्नु पर्नेः</u> संचार माध्यमले देहायका विवरण आफ्नो वेवसाइटको मुख्यपृष्ठ (होमपेज) मा राख्नु पर्नेछ :

(क) प्राधिकरणबाट प्राप्त अभिलेखीकरण तथा दर्ताको नम्बर, आर्थिक वर्ष, सञ्चालकको नाम, ठेगाना,सम्पर्क फोन नम्बर,

(ख) सञ्चालक र सम्पादकको नाम,

(ग) तोकिएका अन्य विषयहरु ।

२३. <u>पत्रपत्रिकामा उल्लेख गर्नु पर्नेः</u> पत्रपत्रिकामा प्रकाशक, सम्पादक, मुद्रक र छापाखानाको नाम तथा प्रकाशन वर्ष र अंक तोकिए बमोजिम स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ।

२४. <u>पत्रपत्रिकाको आकार र पृष्ठ संख्याः</u> (१) दफा १९ बमोजिम अभिलेखीकरण भई प्रकाशन हुने पत्रपत्रिकाको न्यूनतम र अधिकतम आकार र पृष्ठ संख्या तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको आकार र पृष्ठ संख्यामा घटी बढी गरी प्रकाशन हुने पत्रपत्रिकालाई प्रदेश सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संस्थाबाट दिइने सुविधा, सहायता वा विज्ञापन प्रदान गरिने छैन।

२५. <u>पत्रपत्रिकाको प्रकाशनः</u> प्रकाशकले पत्रपत्रिकाको प्रत्येक संस्करण दफा १९ र २० बमोजिमको अभिलेखीकरण किताबमा उल्लिखित विवरणमा फरक नपर्ने गरी प्रकाशन गर्नु पर्नेछ।

## परिच्छेद–५

## मिडिया काउन्सिलसम्बन्धी व्यवस्था

२६. **मिडिया काउन्सिलको स्थापनाः** पत्रकारिताको पेसागत मूल्य, मान्यता, आदर्श र आचार अभ्यास अनुरूप उच्चतम आचरण कायम राखी स्वच्छ, स्वतन्त्र र उत्तरदायी पत्रकारिताको विकास तथा संवर्द्धन गर्ने उद्देश्य प्राप्तिका लागि सरकारले एक मिडिया काउन्सिल स्थापना गर्नेछ।

२७. **काउन्सिल स्वशासित संस्था हुनेः** (१) काउन्सिल अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) काउन्सिलको सबै कामकारबाहीका निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(३) काउन्सिलले व्यक्तिसरह चलअचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा आवश्यकताअनुसार अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) काउन्सिलले आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

२८. **काउन्सिलको उद्देश्यः** काउन्सिलको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) स्वच्छ र मर्यादित पत्रकारिताको विकासका लागि उपयुक्त वातावरण सिर्जना गर्ने,

(ख) प्रेस स्वतन्त्रताको दुरूपयोग हुन नदिन पत्रकारिता सम्बन्धी आचारसंहिता तोक्ने,

(ग) प्रेस र सरकारबीच सौहार्दपूर्ण सम्बन्ध कायम राख्ने,

(घ) सार्वजनिक नैतिकता र नागरिकहरूको मर्यादा कायम राख्न लगाउने र

(ङ) प्रेसको स्वतन्त्रता र पत्रकारिताको मर्यादामाथि हस्तक्षेप हुन नदिन प्रयत्नशील रहने।

२९. <u>काउन्सिलको गठनः</u> (१) सरकारले देहाय बमोजिमको काउन्सिल गठन गर्नेछः-

(क) सम्बन्धित विषयमा न्यूनतम स्नातक तह उत्तीर्ण गरी र कम्तीमा १५ वर्ष कुनै पनि संचार माध्यमसँग आबद्ध रहेका वा पत्रकारिता क्षेत्रमा कम्तीमा २० वर्षदेखि क्रियाशील रही पत्रपत्रिका, श्रव्य, श्रव्यदृश्य लगायतको क्षेत्रमा विशिष्ट योगदान प्रदेश नं. २ मा रही पत्रकारिता गरेको व्यक्तिमध्येबाट मन्त्रालयको सिफारिसमा सरकारबाट मनोनीत व्यक्ति - अध्यक्ष

(ख) कुनै पनि संचार माध्यममा कम्तीमा पाँच वर्षदेखि पत्रकारिता गर्ने वा संचारमाध्यमका प्रकाशक, सञ्चालक मध्येबाट मन्त्रालयले (मन्त्रीस्तरीय निर्णय) मनोनीत गरेका दुई जना महिला सहित जम्मा चार जना - सदस्य

(ग) काउन्सिलको प्रशासकीय प्रमुख - सदस्य सचिव

(२) नेपाल पत्रकार महासंघको प्रदेश अध्यक्ष वा निजले तोकेको प्रतिनिधी-१ जना उपदफा (१) बमोजिमको काउन्सिलमा पदेन सदस्य रहनेछ ।

(३)काउन्सिलका अध्यक्ष तथा सदस्यहरूको पदावधि ४ वर्षको हुनेछ ।

(४) अध्यक्ष वा कुनै सदस्यले पदावधि समाप्त नहुँदै पद त्याग गर्न चाहेमा अध्यक्षले मन्त्रालय मार्फत सरकारसमक्ष र सदस्यले अध्यक्षसमक्ष लिखित राजीनामा पेस गर्न सक्नेछ ।

(५) अध्यक्ष तथा अन्य सदस्यहरुको सेवा सुविधा तोके बमोजिम हुनेछ ।

३०. <u>काउन्सिलको काम, कर्तव्य र अधिकारः</u>(१) काउन्सिलको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) संचार माध्यमको अनुगमन तथा मूल्यांकन गर्ने,

(ख) संचार सम्बन्धी नीतिलाई समयसापेक्ष अवलोकन गरी सम्बन्धित क्षेत्रको राय सल्लाह लिई मन्त्रालय मार्फत सरकारलाई सुझाव दिने,

(ग) स्वच्छ एवं मर्यादित पत्रकारिताको विकास गर्न पत्रकारिता सम्बन्धी आचारसंहिता तयार गरी लागू गर्ने,

(घ) संचार माध्यमको विकासका लागि सरकारलाई सुझाव दिने,

(ङ) संचारकर्मीहरुको आचार संहिता बनाई लागु गर्ने,

(च) आचार संहिताको विषयलाई लिएर कसैले काउन्सिलमा उजुरी दिएमा सो सम्बन्धमा आवश्यक छानबिन तथा कारबाही गर्ने,

(छ) संचार माध्यमका गतिविधि एवं वस्तुस्थितिबारे अध्ययन र मूल्यांकन सहितको वार्षिक प्रतिवेदन सरकार समक्ष पेस गर्ने ।

(२) उपदफा (१) बाहेकका अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

३१. **काउन्सिलको बैठक र निर्णयः** काउन्सिलको बैठक तथा निर्णय सम्बन्धी कार्यविधि तथा प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

३२. **उप-समिति तथा महाशाखाः** (१) काउन्सिलले आफ्नो कार्य सूचारु रूपले सञ्चालन गर्नका लागि उपसमिति तथा प्रशासनिक कार्यका लागि काउन्सिलले तोकिए बमोजिम महाशाखा समेत गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन भएका समिति, उपसमिति तथा महाशाखाको काम, कर्तव्य, अधिकार तथा कार्यविधि काउन्सिलले तोके बमोजिम हुनेछ ।

३३. **उजुरी सम्बन्धमाः** (१) कुनै पत्रकारले आफ्नो व्यावसायिक आचार संहिता उल्लंघन गरेमा कुनै पनि व्यक्तिले काउन्सिलमा उजुरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै उजूरी परेमा काउन्सिलले आवश्यक जाँचबुझ गरी देहाय बमोजिम गर्न गराउन सक्नेछः-

(क) मर्का पर्ने पक्षको भनाइ सम्बन्धित संचार माध्यममा प्रकाशन तथा प्रसारण गर्न लगाउने,

(ख) मर्का पर्ने पक्षसंग क्षमायाचना गर्न लगाई निजको कुरा सम्बन्धित संचार माध्यममा प्रकाशन तथा प्रसारण गर्न लगाउने,

(ग) मर्का पर्ने पक्षको कुनै टिप्पणी, लेख वा प्रकाशन सामग्री सम्बन्धित संचार माध्यममा प्रकाशन तथा प्रसारण गर्न लगाउने,

(घ) पटकपटक व्यावसायिक आचार संहिता उल्लंघन गर्ने पत्रकारलाई निजले सरकारबाट पाउने सहुलियत वा सुविधा तोकिएको अवधिभरका लागि आंशिक वा पूरै रोक लगाउन सरकारमा सिफारिस गर्ने ।

(३) उपदफा (२) बमोजिमको काउन्सिलको निर्णय पालना नगर्ने पत्रकार उपर काउन्सिलले खेद प्रकट गरी सो कुरा सार्वजनिक रूपमा प्रकाशन गर्न लगाउन सक्नेछ ।

(४) उपदफा (२) वा (३) बमोजिम निर्णय गर्नुअघि काउन्सिलले सम्बन्धित पत्रकारलाई आफ्नो स्पष्टीकरण पेस गर्न मौका दिनेछ ।

(५) काउन्सिलको निर्देशनलाई कार्यान्वयन नगर्ने संचार माध्यमको सुविधा रोक्का वा कट्टा गर्न सक्नेछ।

३४. <u>काउन्सिलको कार्यालय:</u> काउन्सिलको कार्यालय प्रदेशको राजधानीमा रहनेछ ।

३५. <u>काउन्सिलको कर्मचारी:</u> (१) काउन्सिलमा आवश्यक संख्यामा कर्मचारीहरू रहनेछन् ।

(२) काउन्सिललाई आवश्यक पर्ने कर्मचारीको व्यवस्था काउन्सिल आफैले गर्नेछ ।

३६. <u>काउन्सिलको कोष:</u> (१) काउन्सिलको एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम रहनेछन् र काउन्सिलको सबै खर्च सोही कोषबाट व्यहोरिनेछः-

(क) प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) विभिन्न संघसंस्थाबाट प्राप्त आर्थिक अनुदान वा सहायता रकम,

(ग) काउन्सिलले अन्य कुनै स्रोतबाट प्राप्त गरेको रकम।

(३) उपदफा (२) को खण्ड (ख) बमोजिम आर्थिक अनुदान वा सहायता प्राप्त गर्नुअघि काउन्सिलले मन्त्रालयको अनुमति लिनु पर्नेछ।

(४) काउन्सिलको कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ।

३७. <u>लेखा र लेखापरीक्षणः</u> (१) काउन्सिलको आयव्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) काउन्सिलको लेखापरीक्षण प्रचलित कानुन बमोजिम हुनेछ।

(३) मन्त्रालयले चाहेको बखत काउन्सिलको हिसाबकिताब जाँच्न वा जँचाउन सक्नेछ।

३८. <u>अधिकार प्रत्यायोजनः</u> यस ऐन बमोजिम आफूलाई प्राप्त भएको अधिकार काउन्सिलले समितिका पदाधिकारी वा सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३९. <u>संचार रजिस्ट्रार रहनेः</u> काउन्सिलको प्रशासनिक व्यवस्थापन गर्ने कार्यका लागि एकजना संचार रजिस्ट्रार तोक्नेछ ।

४०. <u>काउन्सिल पदाधिकारीलाई चेतावनीदिने सकिनेः</u> (१) काउन्सिलको उद्देश्यअनुरूप काम नगरेको पाइएमा वा पदीय दायित्व अनुसार कार्य तथा आचरण गरेको नपाइएमा वा कुनै किसिमका अनियमिततामा छानबिन आवश्यक देखिएमा सरकारको संचार सम्बन्धी काम हेर्ने मन्त्रालयले त्यस्ता पदाधिकारीलाई चेतावनी दिन सक्नेछ ।

तर, यसरी कारबाही गर्दा त्यस्ता पदाधिकारीको स्पष्टीकरण दिने अधिकार हनन गरिने छैन ।

## परिच्छेद - ६

## श्रमजीवी पत्रकारको सेवा, शर्त र सुविधा सम्बन्धी व्यवस्थाः

४१. **श्रमजिवी पत्रकारको सेवा शर्तको संरक्षणः** (१) आमसंचार माध्य संस्थाले आफ्नो संस्थाको कर्मचारी, श्रमजीवी पत्रकार तथा कामदारको नियुक्ति, अवकाश तथा सेवाको शर्त तथा सुविधा सम्वन्धी विषय प्रचलित श्रम ऐन अनुकुल हुने गरी विनियमावलीमा समावेश गरी लागू गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विनियमावली लागू गर्नुअघि आमसंचार माध्यम संस्थाले प्राधिकरणको सहमति लिनु पर्नेछ ।

(३) आमसंचार सस्थाले उपदफा (१) बमोजिमको विनियमावली बनाउँदा देहाएको अवस्थामा बाहेक अन्य अवस्थामा श्रमजीवी पत्रकारको पारिश्रमिक कट्टा नहुने कुराको सुनिश्चितता गर्नु पर्नेछ।

(क) लागेको जरिवाना कट्टी गर्नु परेमा,

(ख) गैरहाजिरी बापत कट्टि गर्नु परेमा,

(ग) पारिश्रमिकबाट कट्टि हुने गरी पेश्की दिएको रकम कट्टी गर्नु परेमा,

(घ) सरकारी कार्यलय वा अदालतको आदेश बमोजिम तिर्नु बुझाउनु पर्ने कुनै रकम कट्टि गर्नु परेमा

(ङ) प्रचालित कानुन बमोजिम लाग्ने आयकर वा अन्य कुनै कर कट्टि गर्नु परेमा वा

(च) प्रचलति कानुनमा तोकिए बमोजिम कुनै रकम कट्टि गर्नु परेमा।

(४) प्राधिकरणले उपदफा (२) बमोजिम सहमति दिन देहायका विषयमा न्यूनतम मापदण्ड तयार गरी सो मापदण्ड बमोजिम भएमा सहमति दिनुपर्ने र नभएमा मापदण्ड बमोजिम बनाउन लगाउनु पर्नेछः

(क) कर्मचारीको दरबन्दी, नियुक्ति, सेवाको सुरक्षा तथा काम गर्ने समय,

(ख) हाजिरी र बिदा सम्वन्धी,

(ग) न्यूनतम पारिश्रमिक तथा भत्ता,

(घ) वार्षिक तलव बृद्धि,

(ङ) उपचार खर्च तथा क्षतिपूर्ति सम्बन्धी,

(च) कल्याणकारी कोष,

(छ) आचरण, सजाय र पुनरावेदन,

(ज) अन्य आवश्यक विषय ।

(५) उपदफा (४) बमोजिम कट्टि हुने रकमको हद, कट्टि गरिने तरिका र अवधि तथा तत् सम्बन्धी अन्य कुराहरु तोकिए बमोजिम हुनेछ।

४२. <u>न्यूनतम पारिश्रमिक भन्दा कम दिन नपाइनेः</u> (१) संचार संस्थाले श्रमजिवी पत्रकारलाई प्रदेश सरकारबाट समय समयमा तोकिएको न्यूनतम पारिश्रमिक तथा सेवा सुविधा भन्दा कम हुने गरी पारिश्रमिक दिन पाउनेछैन ।

(२) श्रमजीवी पत्रकारहरुको हकहित र सुविधाको सम्बन्धमा कानूनद्वारा गरिएको व्यवस्था अनुरुप भए नभएको सम्बन्धमा प्राधिकरणले संस्थाको अनुगमन गर्न सक्नेछ । यसरी अनुगमन गर्दा कानून बमोजिम पारिश्रमिक तथा सेवा सुविधा उपलब्ध गराएको नदेखिएमा त्यस्तो संस्थालाई सो

बमोजिम सेवा सुविधा उपलब्ध गराउन आदेश दिई त्यस्तो संस्थालाई आवश्यक कारवाही गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम प्राधिकरणले दिएको आदेश सम्बन्धित आमसंचार संस्थाले पालना गर्नुपर्नेछ।

४३. **मापदण्ड निर्धारण समितिः** (१) संचार माध्यमले कर्मचारी, श्रमजीवि पत्रकार तथा कामदारको बिषयका सम्वन्धमा न्यूनतम पारिश्रमिक लगायत सेवाशर्त सम्वन्धी मापदण्ड निर्धारण गर्न प्रदेश सरकारले समय समयमा सरकारको प्रतिनिधि, व्यवस्थापकको प्रतिनिधि, श्रमजीवि पत्रकार र कर्मचारीका प्रतिनिधि र सम्वन्धीत क्षेत्रका विज्ञहरु रहेको मापदण्ड निर्धारण समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको समितिको बैठक सम्वन्धी कार्यविधि र समितिका सदस्यहरुको सुविधा तोकिए बमोजिम हुनेछ ।

४४. **उजुरी गर्न सक्नेः** (१) यस ऐन बमोजिम श्रमजीवि पत्रकारले पाउनुपर्ने कुनै सुविधा वा रकम संचार प्रधिकरणबाट नपाएमा वा व्यवस्थापकले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिमको कुनैकाम नगर्दा कुनै श्रमजीवी पत्रकारलाई मर्का पर्न गएमा त्यस्तो श्रमजीवी पत्रकारले पैंतीस दिनभित्र प्राधिकरण समक्ष उजुरी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम परेको उजुरी मनासिव ठहरेमा प्राधिकरणले उजुरवालाको माग बमोजिमको कुनै सुविधा वा रकम वा अन्य कार्य सम्वन्धित संचार संस्थाबाट दिन वा गर्न लगाई जानीजानी दिनुपर्ने सुविधा वा रकम नदिएको वा गर्नुपर्ने काम नगरेको देखिएमा त्यस्तो

व्यवस्थापकलाई पाँच हजार देखि बीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम प्राधिकरणले गरेको निर्णयबाट मर्कापर्ने व्यक्तिले पैंतीस दिन भित्र सम्वन्धित प्रचलित कानून बमोजिम पुनरावेदन गर्न सक्नेछ।

४५. **सुविधामा रोक लगाउन सिफारिस गर्न सक्नेः** कुनै संचार संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम गरेमा प्राधिकरणले त्यस्तो संचार संस्थालाई देहाय बमोजिमका सुविधा प्रदान गर्नबाट रोक लगाउन सम्वन्धित निकायमा सिफारिस गर्न सक्नेछः

(क) संचार संस्थालाई प्रचलित कानुन बमोजिम आमसंचार माध्यमको श्रेणी विभाजनमा समावेश नगर्ने,

(ख) प्रदेश सरकारबाट दिने अनुदान वा विज्ञापनमा रोक लगाउन वा कटौती गर्न,

(ग) संचार सामाग्री एवं सोसँग सम्वन्धित कच्चा पदार्थको आयातमा रोक लगाउन,

(घ) सरकारी भ्रमण दलमा सहभागी नगराउन,

(ङ) प्रदेश सरकारले आमसंचार सस्थालाई उपलब्ध गराउने अन्य जुनसुकै सुविधा।

४६. **श्रमजीवी पत्रकार सम्वन्धी अन्य व्यवस्थाः** श्रमजीवी पत्रकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ७

## आमसंचार सम्बन्धी अन्य व्यवस्थाः

४७. **आमसंचार संस्थाको काम र कर्तव्यः** आमसंचार संस्थाको काम र कर्तव्य यस ऐनमा अन्यत्र लेखिएदेखि बाहेक देहाय बमोजिम हुनेछः-

(क) आफू समक्ष प्राप्त हुन आएका सूचना, समाचार, लेख वा कार्यक्रमहरुको सत्यता बारे आवश्यक छानबीन गरी सत्य तथ्य सहितका सूचना, समाचार, लेख वा कार्यक्रमहरु मात्र निर्धारित समयमा प्रकाशन र प्रसारण गर्ने गराउने,

(ख) निष्पक्ष रुपमा समाचारको सम्पादन तथा प्रकाशन र प्रसारण गर्ने गराउने,

(ग) सार्वजनिक शान्ति र सुरक्षामा खलल पुर्याउने, नैतिकता र सामाजिक सद्भाव र मर्यादामा आँचआउने किसिमका कार्यक्रमहरु उत्पादन र प्रसारण नगर्ने नगराउने,

(घ) गलत तथा भ्रामक समाचारको सङ्कलन गरी प्रकाशन र प्रसारण गर्न नहुने,

(ङ) आफ्नो आमसंचार संस्थाले प्रकाशन वा प्रसारण गरेको कुनै विषयले मर्का परेको कुनै व्याक्ति वा संस्थाले गुनासो वा खण्डन गरेमा सोको अनिवार्य रुपमा सुनुवाई गर्नुपर्ने ।

४८. **लगानी सम्बन्धी ब्यवस्थाः** (१) कुनै पनि व्यक्ति, समुह वा संस्थाले आमसंचार सञ्चालन बमोजिम अभिलेखीकरण वा इजाजत लिने निवेदन साथ सम्बन्धित आमसंचारका माध्यममा गरिने लगानीको श्रोत खुलाउनु पर्नेछ ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि छापा वा विद्युतीय एउटै प्रकृतिको प्रकाशन वा प्रसारण माध्यमको स्वामित्व धारणा वा सञ्चालन गरेको एक व्यक्ति, परिवार वा समूहलाई अन्य प्रकाशन वा प्रसारण माध्यमको स्वामित्वमा १५ प्रतिशत भन्दा बढी हिस्सा नहुने व्यवस्था गर्नुपर्नेछ।

(३) कुनै पनि आमसंचार माध्यममा वैदेशिक लगानी गर्न पाइने छैन ।

(४) आमसंचारमा लगानी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४९. **आमसंचारको स्वामित्व हस्तान्तरणः** यस ऐन बमोजिम अभिलेखीकरण भएको आमसंचार संस्थाको स्वामित्व कानून बमोजिम हस्तान्तरण भई कसैले प्राप्त गरेमा सो प्राप्त गर्ने ब्यक्तिले सात दिनभित्रमा सोको जानकारी तोकिए वमोजिमको ढाँचामा प्राधिकरणलाई दिनु पर्नेछ र प्राधिकरणले तत्सम्वन्धी विवरण दर्ता किताबमा जनाई राख्नु पर्नेछ।

तर यसरी स्वामित्व हस्तान्तरण गर्दा स्वामित्व हस्तान्तरण गर्ने संस्थाले फ्रिक्वेन्सी प्रयोग गरेको भएमा त्यस्तो फ्रिक्वेन्सी हस्तान्तरण हुनेछैन र त्यस्तो फ्रिक्वन्सी स्वतः प्रदेश सरकारको हुनेछ।

५०. **आमसंचार माध्यम सञ्चालन शुरु भएको तथा बन्द भएको जानकारी दिनुपर्नेः** (१) संचारमाध्यमले प्रकाशन तथा प्रसारण शुरु भएको जानकारी प्राधिकरणलाई दिनु पर्नेछ ।

(२) प्राधिकरणमा अभिलेखीकरण भएका आमसंचार माध्यम कुनै कारणले सञ्चालन गर्न नसकेमा वा सञ्चालन भई

बन्द गर्नु परेमा सोको जानकारी तीन महिना अगावै प्राधिकरणलाई गराउनु पर्नेछ।

५१. **प्रतिनिधि सम्बन्धी व्यवस्थाः** (१) कुनै विदेशी आमसंचार सम्बन्धी संस्थाले प्रदेशभित्र काम गर्ने आफ्ना प्रतिनिधिहरुको नाम, योग्यता र कार्यक्षेत्र समेत उल्लेख गरी तोकिए बमोजिमको विवरण प्राधिकरण समक्ष बुझाइ अनुमति लिनुपर्नेछ।

तर विदेशी मित्र राष्ट्रका राष्ट्राध्यक्ष वा सरकार प्रमुख वा उच्चस्तरीय प्रतिनिधि मण्डल प्रदेश भ्रमणमा आउंदा साथमा आउने पत्रकार वा प्रदेश सरकारको निमन्त्रणामा प्रदेश भ्रमणमा आउने पत्रकारहरुको लागि उक्त भ्रमण अवधिभरको लागि त्यस्तो विवरण दिन आवश्यक नपर्ने गरी प्राधिकरणले छुट दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम विवरण पठाउने विदेशी आमसंचार सम्बन्धी संस्थाका प्रतिनिधिहरुलाई श्रम विभागबाट श्रम स्वीकृति प्राप्त भएको भएमा प्राधिकरणले प्रेस प्रतिनिधि प्रमाणपत्र प्रदान गर्नेछ ।

(३) प्रेस प्रतिनिधि तथा स्वतन्त्र पत्रकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५२. **प्रकाशन तथा प्रसारण गर्न नहुनेः** देहायका कुराहरु कुनै पनि स्वदेशी, विदेशी संचार माध्यमबाट प्रकाशन, प्रसारण गर्न तथा संचार सामाग्रीको उत्पादन र प्रवाह गर्न हुँदैनः

(क) सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा राष्ट्रियतामा आँच आउने विषय,

(ख) विभिन्न संघीय इकाइ बीचको सु-सम्बन्धमा आँच आउने विषय,

(ग) विभिन्न जात, जाती, धर्म वा सम्प्रदाय बीचको सु-सम्बन्धमा खलल पर्ने,

(घ) राज्यद्रोह वा अदालतको अवहेलना वा अपराध गर्न दुरुत्साहन गर्ने विषय,

(ङ) गाली बेइज्जती,

(च) सार्वजनिक शिष्टाचार र नैतिकताको प्रतिकूल हुने विषय,

(छ) श्रमप्रति अवहेलना गर्ने विषय वा

(ज) जातीय छुवाछूत एवं लैंगिक तथा सामुदायिक भेदभावलाई दुरुत्साहन गर्ने विषय।

५३. **संचार माध्यमको श्रेणी विभाजनः** (१) अभिलेखीकरण भएका आमसंचार माध्यमलाई प्रदेश सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संस्थाबाट उपलब्ध गराइने सेवा सुविधा तथा विज्ञापन उपलब्ध गराउने प्रयोजनका लागि तोकिए बमोजिमको प्रकृया अपनाई मिडिया काउन्सिलले श्रेणी विभाजन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम श्रेणी विभाजन गर्दा आम संचार संस्थाको भौतिक पूर्वाधार, जनशक्ति, लगानी, उद्देश्य, स्वामित्व, आमसंचारको पहुंच क्षेत्र र अन्य तोकिएको आधारमा गर्नु पर्नेछ।

(३) मिडिया काउन्सिल उपदफा (१) बमोजिम श्रेणी विभाजन गर्दा पत्रपत्रिकाको हकमा प्राधिकरण परामर्श लिन सक्नेछ।

(४) उपदफा (१) बमोजिम प्रदेश सरकारले सेवा सुविधा तथा विज्ञापन उपलब्ध गराउँदा प्रादेशिक र क्षेत्रीय प्रकाशन र प्रसारण गर्ने संस्थालाई विशेष सुविधा दिन सक्नेछ ।

(५) श्रेणी विभाजन सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५४. **आमसंचार माध्यमको इजाजत तथा अभिलेखीकरण खारेज नगरिने:** यस ऐन बमोजिम दर्ता पाएको तथा अभिलेखीकरण भएको कुनै आम संचार माध्यममा कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री प्रकाशन वा प्रसारण गरे वापत त्यस्तो आम संचार माध्यमको दर्ता वा अभिलेखीकरण खारेज गरिने छैन।

तर यस व्यवस्थाले सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा संघीय इकाइबीचको सु-सम्बन्ध वा विभिन्न जात, जाती, धर्म वा सम्प्रदाय बीचको सु-सम्बन्धमा खलल पार्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकुल हुने कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातिय छुवाछूत एवं लैंगिक भेदभावलाई दुरुत्साहन गर्ने कार्य गरेको प्रमाणित भएमा त्यस्तो आम संचार माध्यमलाई मनासिव प्रतिबन्ध लगाउन बाधा परेको मानिने छैन।

५५. **अनुमतिपत्र रद्द गर्न सक्ने:** प्राधिकरणले आम संचार माध्यमको अनुमतिपत्र देहायको अवश्थामा रद्द गर्नसक्नेछ।

(क) इजाजत लिएको दुई वर्षसम्म प्रसारण प्रारम्भ नगरेमा,

(ख) कुनै मनासिव कारण बाहेक एक वर्ष भन्दा वढी समयसम्म प्रसारण वन्द गरेमा,

(ग) यस ऐन बमोजिम नविकरण नगरेमा।

## परिच्छेद-९

## चलचित्र तथा लोकसंचार प्रवर्द्धन बोर्ड

५६. <u>चलचित्र तथा लोकसंचार प्रबर्द्धन बोर्डः</u> चलचित्र लगायत प्रदेशभित्रका लोकसंस्कृतिमा आधारित श्रव्यदृश्य सम्बन्धी लोकसंचारका विविध पक्षलाई विकास, विस्तार र नियमन गर्न एउटा स्वायत्त संस्थाका रूपमा चलचित्र तथा लोकसंचार प्रवर्द्धन बोर्ड गठन गरिनेछ ।

५७. <u>बोर्डको उद्देश्यः</u> बोर्डको उद्देश्य देहाय बमोजिमको हुनेछः

(क) चलचित्र निर्माण, प्रदर्शन र वितरणलाई व्यवस्थित गर्न कथानक चलचित्र वा प्रदेश सरकारले राजपत्रमा प्रकाशन गरेको अन्य किसिमका चलचित्र निर्माणको इजाजत, जाँच र प्रदर्शन अनुमति दिन,

(ख) चलचित्र र लोकसंचार विकासका लागि फिल्मसिटी लगायतका भौतिक पूर्वाधार निर्माण गरी रेखदेख तथा सञ्चालन गर्न,

(ग) चलचित्र फाँटलाई उद्योगका रूपमा विकसित गर्न निर्माता, निर्देशक, कलाकार, प्राविधिक लगायत यस फाँटमा काम गर्ने सरकारद्वारा इजाजत प्राप्त कम्पनी, संस्था आदिका लागि आचारसंहिता तोक्न, आचार संहिता अनुरूप भएको वा नभएको अनुगमन गर्न, आचारसंहिता उल्लंघन भएमा तोकिए अनुसार दण्ड सजाय गर्न,

(घ) चलचित्र उद्योगको विकास गर्न सिनेमाघरलाई इजाजत दिन र नियमन गर्न,

(ङ) बक्स अफिस लगायत चलचित्रसँग जोडिएका आधुनिक अवधारणा अनुरूपका संरचना निर्माण तथा सञ्चालन गर्न गराउन,

(च) भौतिक संरचना निर्माणका लागि जग्गा अधिग्रहण गर्न सरकारलाई सिफारिस गर्न,

(छ) चलचित्र र लोकसंचार सँग जोडिएका विषयमा गोष्ठी, कार्यशाला, सम्मेलन, भ्रमण आदि गर्न गराउन,

(ज) चलचित्रकर्मीहरूलाई प्रोत्साहनका लागि विभिन्न सिर्जनात्मक गतिविधि गर्न ।

**५८. <u>बोर्डको गठनः</u>** (१) बोर्डको गठन देहाय बमोजिम हुनेछ ।

(क) यस प्रदेशमा रही चलचित्र क्षेत्रमा निरन्तर पाँच वर्ष काम गरेको यस प्रदेशमा स्थायी बसोबास भएको नेपाली नागरिकलाई मन्त्रालयको सिफारिसमा सरकारले नियुक्त गर्ने एकजना -अध्यक्ष

(ख) यस प्रदेशमा रही चलचित्र क्षेत्रमा निरन्तर पाँच वर्ष काम गरेको यस प्रदेशमा स्थाय बसोबास गर्ने नेपाली नागरिकहरु मध्येबाट मन्त्रालयले नियुक्त गर्ने एक जना महिला सहित जम्मा तीनजना -सदस्य

(ग) प्रदेशभित्र चलचित्र वा लोकसंचारमा कार्यरत विभिन्न गैरसरकारी संस्थाको अध्यक्षहरु मध्येबाट मन्त्रालयले मनोनित गरेको एकजना -सदस्य

(घ) आन्तरिक मामिला तथा कानून मन्त्रालयका उपसचिव -सदस्य सचिव

(२) उपदफा (१) बमोजिम बोर्डको अध्यक्ष तथा सदस्य पदमा नियुक्ति गर्ने अध्यक्ष तथा सदस्यहरुको अन्य योग्यता तथा सेवा सुविधा सम्बन्धी मापदण्ड मन्त्रालयले स्वीकृत गरे बमोजिम हुनेछ ।

५९. <u>बोर्डको कार्यालयः</u> बोर्डको कार्यालय प्रदेशको राजधानीमा हुनेछ।

६०. <u>बोर्डको कर्मचारीः</u> बोर्डका लागि प्रदेश सरकारले आवश्यक कर्मचारी उपलब्ध गराउनेछ र साधनस्रोतका आधारमा बोर्डले आवश्यक प्रक्रिया पूरा गरी आवश्यकतानुसार करारमा कर्मचारी भर्ना गर्न सक्नेछ ।

तर, यसरी कर्मचारी भर्ना गर्दा राजपत्राकिंत तृतीय श्रेणी वा सोसरह भन्दा माथिको कर्मचारी भर्ना गर्न पाइने छैन ।

६१. <u>बोर्डको आर्थिक व्यवस्थापनः</u> बोर्डका लागि आवश्यक र यथोचित खर्च प्रदेश सरकारले उपलब्ध गराउनेछ।

## परिच्छेद-१०

## <u>कसूर, सजाय र पुनारावेदन सम्वन्धी व्यवस्था</u>

६२. <u>पत्रपत्रिकाको अभिलेखीकरण नगराई प्रकाशन र बिक्रि वितरण गर्न नहुनेः</u> कसैले दफा १९ को उपदफा (२) अनुसार प्राधिकरणमा दर्ता तथा अभिलेखीकरण नगराई पत्रपत्रिका प्रकाशन गरी सार्वजनिक रुपमा बिक्रि वितरण गरेमा वा विदेशी पत्रपत्रिकाको नेपाली संस्करण मुद्रण गरेमा वा दफा १९ को उपदफा (८) अनुसारको विवरण परिवर्तन गर्नु परेमा प्राधिकरणमा अभिलेख संशोधन नगराई परिवर्तित विवरण

सहितको पत्रपत्रिका प्रकाशन र सार्वजनिक रुपमा विक्रि वितरण गरेमा कसुरको मात्रा हेरी दश हजार देखी बीस हजार रुपैंयासम्म जरिवाना गरी पत्रपत्रिका प्रकाशनका लागि प्रयोग भएका यन्त्रउपकरण जफत हुनेछ।

६३. <u>**अभिलेखीकरण नगराई अनलाइन संचारमाध्यम सञ्चालन गर्न नहुने:**</u> कसैले दफा २० बमोजिम प्राधिकरणमा अभिलेखीकरण नगराई अनलाईन संचार माध्यमको सञ्चालन गरेमा वा दफा २४ बमोजिमको विवरण आफ्नो वेवसाइटको मुख्य पृष्ठ (होम पेज) मा नराखेमा कसुरको मात्रा हेरी दश हजार देखि बीस हजार रुपैंया सम्म जरिवाना गरी अनलाईन संचार माध्यमको सञ्चालनमा प्रयोग भएका यन्त्रउपकरण जफत हुनेछ।

६४. <u>**गर्न नहुने प्रकाशन तथा प्रसारण गरेमाः**</u>कसैले दफा ५२ को खण्ड (क), (ख), (ग), (घ), (ङ), (च), (छ) र (ज) मा उल्लेख भएका कार्यहरु मध्ये कुनै प्रकाशन तथा प्रशारणको कार्य गरे वा गर्न लगाएमा निजलाई दश हजार देखि बीस हजार रुपैयासम्म जरीवाना गरी सो कार्यबाट कसैलाई क्षतिपुगेको भएमा क्षतिपुगेको व्यक्तिलाई मनासिव माफिको क्षतिपुर्ति भराइ दिनु पर्नेछ ।

## परिच्छेद-११

## <u>विविध</u>

६५. <u>**राजस्व खातामा दाखिला गर्नुपर्ने:**</u> यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको इजाजत दस्तुर, प्रसारण तथा वितरण शुल्क तथा जरिवाना प्राप्त हुने रकम प्रदेश सरकारको राजश्व खातामा जम्मा गर्नुपर्नेछ।

६६. <u>**वृति कोषको स्थापनाः**</u> (१) प्रदेश सरकारले पत्रकारिता क्षेत्रमा निरन्तर लामो समय सम्म योगदान पुर्याएका जेष्ठ

पत्रकारहरुलाई मासिक वृति प्रदान गर्ने उद्देश्यले एउटा पत्रकार बृत्तिकोष स्थापना गर्नेछ ।

(२) उपदफा (१) बमोजिम कोषको सञ्चालन सम्बन्धी व्यबस्था तोकिए बमोजिम हुनेछ ।

६७. **पत्रकार कल्याण कोषको स्थापना :** (१) प्रदेश सरकारले पत्रकारिताको कार्य सम्पादन गर्दा कुनैदुर्घटना परी घाइते भएको वा दिर्घ रोगबाट पीडित पत्रकारको सहयोगको लागि एउटा पत्रकार कल्याणकोष स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषको व्यवस्थापन तथा सञ्चालन सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६८. **विदेशी मुद्रा विनिमयका लागि सिफारिस गर्न सक्ने:** कुनै प्रसारण संस्थालाई आवश्यक पर्ने उपकरणतथा सफ्टवेयर विदेशबाट आयात गर्नु पर्ने भएमा वा कुनै प्रसारण संस्था विदेशी प्रसारण संस्थासंग आबद्ध हुँदा वा त्यस्तो संस्थासँग सिग्नल वितरण सम्बन्धमा सम्झौता गर्दा विदेशी मुद्रा आवश्यक पर्ने भएमा त्यस्तो मुद्रा प्रचलित दरभाउमा उपलब्ध गराउन प्राधिकरणको सिफारिसमा मन्त्रालयले सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ ।

६९. **विवरण पेश गर्नुपर्ने:** (१) यो ऐन प्रारम्भ हुनुअघि प्रकाशन तथा वितरण हुँदै आएका पत्रपत्रिका तथा प्रसारण हुँदै आएका प्रसारण संस्थाले प्राधिकरणले तोकेको अवधिभित्र तोकिए वमोजिमका विवरण अभिलेखको लागि प्राधिकरण समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधि भित्र विवरण पेश नगर्ने आमसंचार संस्थालाई अभिलेखिकरण नगरी

प्रकाशन गरेको वा इजाजत नलिई प्रसारण गरे सरहको कसुर मानि सोहि अनुसारको सजाँय हुनेछ ।

७०. <u>नियम बनाउन सक्नेः</u> (१) यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

७१. <u>कार्यविधि र निर्देशिका बनाउन सक्नेः</u> यो ऐन र यस ऐन अन्र्तरगत बनेको नियमावलीको अधिनमा रही प्राधिकरणले आवश्यक कार्यविधि र निर्देशिका बनाउन सक्नेछ ।

७२. <u>जरिवाना गर्ने अधिकारः</u> यस ऐन बमोजिम हुने जरिवाना गर्ने अधिकार प्राधिकरणलाई हुनेछ।

७३. <u>सफाईको मौका दिनु पर्नेः</u> यस ऐन बमोजिम कारवाही र जरिवाना गर्नु अघि प्राधिकरणले सफाईको मौका दिनु पर्नेछ ।

७४. <u>पुनरावेदनः</u> यस ऐन बमोजिम प्राधिकरणले गरेको सजाय उपर चित्त नबुझेमा थाहा पाएको मितिले पैतीस दिनभित्र प्रचलित कानून बमोजिम पुनरावेदन गर्न पाउँनेछ ।

७५. <u>मुद्दा हेर्ने अधिकारीः</u> (१) दफा ५२ बमोजिमको सजाय हुने कसूर सम्वन्धी उजुरीको शुरु कारवाही र किनारा यसै ऐन बमोजिम हुनेछ।

(२) दफा ५४ बाहेकका विषयहरुमा प्रचलित कानून बमोजिम कारवाही गर्नलाई कुनै बाधा पर्ने छैन ।

७६. <u>प्रदेश सरकार वादी हुनेः</u> यस ऐनको दफा ५२ बमोजिमको कसूरसँग सम्बन्धित मुद्दामा प्रदेश सरकार वादी हुनेछ।

प्रमाणीकरण मितिः- २०७७/०५/०३

**आज्ञाले,**

**वीरेन्द्र कुमार यादव**

**प्रदेश सरकारको सचिव**